## प्र.स.नि. चौकी कमाण्डर तालीम

१. **परिचय**,

देशमा शान्ति सुव्यवस्था र अमन चयन कायम राख्न प्रत्यक्षरुपमा जन स्तरसम्म प्रहरी सेवाबिस्तार गर्न प्रहरी चौकी स्थापना गरिएको हो । जनतासंग प्रत्यक्ष सरोकार राखि संगठनको निर्धारित लक्ष्य परिपूर्ति गर्न प्रहरी चौकीको उचित व्यवस्थापन, नियन्त्रण तथा निर्देशन अपरिहार्य बिषय भएकोले सो स्तरमा प्रहरी चौकी प्रमुखको हैसियतले कार्य सम्पादन गर्न नेपाल प्रहरीका प्रहरी सहायक निरीक्षक दर्जाका प्रहरी अधिकृतलाई पेशागत ज्ञान, सीप प्रदान गरी दक्ष प्रहरी अधिकृत तयार गर्न यस प्रकारको तालीम संचालन गरिएको हो ।

२. **तालीमको लक्ष्य** :

प्रहरी सहायक निरीक्षक दर्जाका प्रहरी अधिकृतहरुलाई प्रहरी चौकी संचालन गर्न आवश्यक पर्ने ज्ञान, सीप प्रदान गरी मानसिक एवं शारीरिक रुपमा सक्षम तुल्याउन प्रेरित गर्नु यस तालीमको प्रमुख लक्ष्य हो । उक्त लक्ष्य प्राप्तिको लागि निम्न बिषय तथा कार्यक्रामहरु समावेश गरिएको छ ।

**क. सैद्धान्तिक तथा प्रयोगात्मक तर्फ :**

प्रहरी चौकी संचालन गर्न आवश्यक पर्ने व्यबहारिक ज्ञान र सीपको बिकासको लागि समावेश गरिएका बिषयहरु ।

- बिभागिय नीति, निर्देशन र स्थायी आदेश
- चौकी संगठन, दरबन्दी र मनोग्राम
- चौकीको कार्यक्षेत्र
- प्रहरी कर्मचारीको काम कर्तव्य र अधिकार क्षेत्र (अपराध र सजाय )
- अभिलेख व्यवस्थापन
- चौकीको सुरक्षा
- हिरासत व्यवस्थान
- प्रहरी कारवाही
- जन सम्पर्क
- अपराध अनुसन्धान एवं कानूनी प्रावधान

**ख. शारिरीक अभ्यास तर्फः**

तालीममा सहभागी प्रशिक्षार्थीहरुलाई शारीरिक रुपले सवल एवं सक्षम बनाउन निम्न बिषयहरुलाई समावेश गरिएको छ ।

(क) शारिरिक व्यायम
(ख) खेलकुद (खाली हात लडाई)
(ग) परिमार्जित कवाज
(ङ) मस्केट्री/चांदमारी

३. **प्रशिक्षार्थी दर्जा र संख्या**

यस तालीममा प्रहरी सहायक निरीक्षक दर्जाका ३० जना प्रहरी अधिकृतहरुलाई समावेश गरिएको छ ।

४. **प्रशिक्षण अवधि** :

यस तालीमको प्रशिक्षण अवधि ३० कार्य दिनको हुनेछ । प्रत्येक दिन १० पिरियड ( सैद्धान्तिक तथा प्रयोगात्मक तर्फ ६ पिरियड र शारिरीक अभ्यास तर्फ ४ पिरियड) गरि ३० दिनको कुल ३०० कार्य पिरियड हुनेछ ।

५. **प्रशिक्षण बिधि** :

(क) प्रवचन
(ख) छलफल
(ग) अभिनय
(घ) केस स्टडी
(ङ) व्यवहारिक अध्ययन भ्रमण

६. **मूल्याङ्कन** :

प्रशिक्षार्थीहरुको साप्ताहीक, चरणगत एवं अन्तिम परीक्षाको माध्यमबाट मूल्याङ्कन गरिनेछ ।

**अंक बिभाजन तालिका** :

| | | |
|---|---|---|
| (क) | सैद्धान्तिक तथा प्रयोगात्मक तर्फ | २०० पूर्णाङ्क |
| (ख) | शारिरीक अभ्यास . | १०० पूर्णाङ्क |
| (ग) | चांदमारी ........................ | ५० पूर्णाङ्क |
| (घ) | समादेशक मूल्याङ्कन...... | ३० पूर्णाङ्क |
| | | ३८० पूर्णाङ्क |

प्रशिक्षार्थीहरुले निर्धारित प्रत्येक बिषयमा कम्तीमा पनि ४५ प्रतिशत तथा कुल प्राप्ताङ्कको ५० प्रतिशत अंक ल्याउनु पर्नेछ ।

| श्रेणी | प्रतिशत |
|---|---|
| "क" श्रेणी : | ७५ % भन्दा माथि |
| "ख" श्रेणी : | ६० % देखि ७४.९९% सम्म |
| "ग" श्रेणी : | ५० % देखि ५९.९९% सम्म |

७. **पोशाक**

प्रशिक्षण अवधिमा प्रशिक्षार्थीहरुले बिभिन्न अवस्थामा निम्न पोशाक प्रयोग गर्नु पर्नेछ ।

**(क) शारिरीक व्यायामः** चुस्ता, वेभ वेल्ट, बुट

**(ख) निरीक्षण कवाजः** मौसम अनुसारको वर्किङ ड्रेस

**(ग) सैद्धान्तिक तथा प्रयोगात्मक कक्षा** : मौसम अनुसारको वर्किङ ड्रेस

**(घ) रोलकल ड्रेसः** टोपी, सर्ट, पाईन्ट, जुत्ता र मोजा

**(ङ) आउट ड्रेसः** टोपी, सर्ट, पाईन्ट, जुत्ता र मोजा

**(च) कवाज** : चुस्ता, बुट, निलो मोजा, वेभ वेल्ट र क्याप ।

**(छ) खेलकुद** : सेतो टिसर्ट, सेतो कट्टु, पि.टी. जुत्ता र निलो मोजा ।

**(ज) मेस ड्रेस** : गेम ड्रेस ।